प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री न. १०९२
फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०

# प्रेस विज्ञप्ति

मिति : २०७७/२/४

आज मातृशिशु अस्पताल बाटुलेचौरमा गण्डकी प्रदेशका सामाजिक विकास मन्त्री माननीय नरदेवी पुन मगरज्यूले Breast Care Unit, Culture Lab र नवजात शिशु कक्षको उद्घाटन गर्नुभयो । त्यसैगरी मातृशिशु अस्पताल नागरीक सहयोग समूहको सहयोगमा निर्मित प्रशासनीक ब्लकको माननीय कृष्ण बहादुर थापाले उदुघाटन गर्नुभयो ।

आज प्रदेश सभा सचिवालयमा आर्थिक मामिला तथा योजना मन्त्री मा किरण गुरुङ ज्यूको समुपस्थितिमा प्रदेश सभाको अर्थ तथा विकास समितिको माननीय सदस्यज्यूहरु संग अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ ।

गण्डकी प्रदेशका माननीय सामाजीक विकास मन्त्रीज्यू, सचिव ज्यू, स्वास्थ्य निर्देशनालयका निर्देशकज्यू लगायतले स्वास्थ्य कार्यालय नवलपुर पुगी कोभिड–१९ सम्बन्धि अवस्था तथा गतिविधिहरु बारे जानकारी लिनु भएको छ । सो अवसरमा उहाँहरुले नवलपुर स्थायी ठेगाना भएका र भरतपुर कोरोना अस्पतालमा उपचार गराइरहेका कोभिड–१९ संक्रमित बिरामीको अवस्थाका बारेमा समेत जानकारी लिनुभएको थियो ।

म्याग्दीको दरवाङमा डेङ्गु रोग सम्बन्धी अभिमुखिकरण सम्पन्न भएको छ । कार्यक्रममा मालिका गाँउपालिकाका उपाध्यक्ष, कार्यपालिका सदस्यहरु र स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो। कार्यक्रममा दरवाङ प्रा.स्वा.के का मे.अ डा. तिलक गौतम तथा स्वास्थ्य कार्यालय म्याग्दीका प्रमुख एकनारायण लम्साले सहजिकरण गर्नु भएको थियो । अभिमुखिकरण पश्चात मालिका गाँपालिकाका सबै वडाहरूमा लामखुट्टेको वासस्थान तथा लार्भा खोज र नष्ट गर अभियान शुरू गरिने छ ।

हब तथा सेटेलाईट अस्पतालमा काम गर्ने प्रयोगशालाकर्मीहरुलाई प्रयोगशाला सम्बन्धी क्षमता अभिबृद्धि गर्नका लागि स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेश तथा प्रदेश जनस्वास्थ्य प्रयोगशालाको आयोजनामा मिति २०७७ जेष्ठ ०४ गते स्याङ्जा जिल्लामा अभिमुखिकरण कार्यक्रम सम्पन्न भयो ।

स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशद्धारा स्वास्थ्य कार्यालय नवलपरासी, बाग्लुङ र तनहुँलाई RDT किट, स्यानीटाईजर लगायतका स्वास्थ्य सामग्री प्रदान गरिएको छ ।

अहिलेसम्म गण्डकी प्रदेशमा १०५८ जनाको नमुना संकलन भएको छ जसमा ९१३ जनाको परीक्षण परिणाम नेगेटिभ रहेको छ भने २ जना संक्रमित मध्ये दुवै जना निको भएर घर फर्किसक्नुभएको छ र १४२ जनाको परिक्षण परिणाम आउन बाँकी रहेको छ । त्यसैगरी आजसम्म गण्डकी प्रदेशमा ६९४८ जनामा RDT परिक्षण गरिएको छ ।

डा विनोद विन्दु शर्मा
निर्देशक